# कुबेर मर्चेण्ट फाइनान्स लिमिटेडलाई

**समस्याग्रस्त अवस्थाबाट मुक्त गरिएको सम्बन्धी सूचना**

यस बैंकबाट मिति २०६९/०९/२३ मा समस्याग्रस्त घोषणा गरिएको कुबेर मर्चेण्ट फाइनान्स लिमिटेड, ज्ञानेश्वर काठमाण्डौले यस बैंकको नीतिगत व्यवस्था बमोजिम चुक्तापुँजी र पुँजीकोष कायम गरेको, संस्थामा नयाँ लगानीकर्ताहरु प्रवेश गरी संस्थालाई सुचारु रुपमा संचालन गर्ने प्रतिबद्धता जाहेर गरेको र हाल संस्था सुधारोन्मुख देखिएकोले यस बैंकको मिति २०७४/०८/१९ को निर्णय बमोजिम यस बैंकबाट जारी भएका निर्देशनहरु लगायत देहायका शर्तहरुको पालना गर्ने गरी समस्याग्रस्त अवस्थाबाट मुक्त गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु :**

१. यस बैंकबाट तोकिए बमोजिमको चुक्ता पूँजी दुई बर्ष (२०७६।८।१८) भित्र पुऱ्याउने गरी पुँजी बृद्धि योजना तयार गरी ३५ दिनभित्र पेश गर्नु पर्ने ।

२. खराव कर्जालाई क्रमिक रुपमा घटाउदै लगि वाञ्छित सीमा भित्र ल्याउनु पर्ने ।

३. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन चुस्त दुरुस्त पार्नु पर्ने ।

४. हाल तोकिएको चुक्ता पुँजी नपुगेको अवस्थासम्म एकल ग्राहक कर्जा सीमा Core Capital को १० प्रतिशत कायम गर्ने तथा तोकिएको चुक्ता पुँजी पुरा भएको अवस्थामा हाल विद्यमान व्यवस्था अनुरुपको एकल ग्राहक कर्जा सीमा कायम हुनु पर्ने ।

**नेपाल राष्ट्र बैंक**

**समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा**